# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको
# बीसौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण
## मिनट
## २०७५ मंसिर २५ गते मंगलबार

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, भगवतीबहाल, नक्साल, काठमाडौं

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको

## बीसौं वार्षिक साधारण सभाको

## काम कारवाहीको विवरण

## (माईन्युट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन २०६३ र यस संस्थाको नियमावली बमोजिम संस्थाको बीसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री गणेश बहादुर थापाको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय:**

**मिति:** २०७५ मंसिर २५ गते, मंगलबार (तदनुसार ११ डिसेम्बर, २०१८)

**स्थान:** संस्थाको केन्द्रीय कार्यालयसँगै दक्षिणतर्फ रहेको Celebration Banquet पार्टी प्यालेस भगवतीबहाल, नक्साल, काठमाडौं ।

**समय:** बिहान १०:३० बजे प्रारम्भ भई अपरान्ह ४:३० बजे सम्पन्न भएको ।

३. **सभाको सूचना प्रकाशन:**

३.१ साधारण सभा हुने मिति, समय र स्थान र छलफलका बिषयहरू सहितको विवरण खुलाई मिति २०७५।०८।०३ गते सोमबारको "आर्थिक अभियान" राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०७५।०८।०६ गते बिहीबारको "आर्थिक अभियान" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि शेयरधनी महानुभावहरूको जानकारी गराईएको थियो ।

३.२ कम्पनी ऐन २०६३ को दफा ६७ तथा यस संस्थाको नियमावलीको नियम ४(३) बमोजिम संस्थाको बीसौं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू समेत शेयरधनी महानुभावहरूले उपलब्ध गराउनु भएको व्यक्तिगत ठेगानामा पत्राचार गरि यथासमयमा पठाईएको थियो ।

४. **उपस्थिति:**

**४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित संचालकहरू:**

| | | |
|---|---|---|
| ४.१.१ | श्री गणेश बहादुर थापा | अध्यक्ष |
| ४.१.२ | श्री टोप बहादुर रायमाझी | संचालक |
| ४.१.३ | श्री राजेन्द्र बहादुर मल्ल | संचालक |
| ४.१.४ | श्री गिरिश कोहली | संचालक |
| ४.१.५ | श्री तारादेव जोशी | संचालक |
| ४.१.६ | श्री रामभक्त थापा | संचालक |

४.२ **संस्थागत प्रतिनिधिको उपस्थिती:**

| | |
|---|---|
| ४.२.१. श्री अन्जु पाण्डे | निर्धन संस्था |
| ४.२.२. श्री सुशील जोशी | हिमालयन बैंक लिमिटेड |
| ४.२.३. श्री राजेन्द्र बहादुर मल्ल | नबिल बैंक लिमिटेड |
| ४.२.४. श्री सुरेश चापागाई | एभरेष्ट बैंक लिमिटेड |
| ४.२.५ श्री सुवास भट्टराई | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड |

४.३ **अन्य आमन्त्रित महानुभावहरूको उपस्थिति:**

| | |
|---|---|
| ४.३.१ श्री बिष्णु प्रसाद श्रेष्ठ | अध्यक्ष, निर्धन संस्था |
| ४.३.२ डा. फत्त बहादुर के.सी | पूर्व संचालक |
| ४.३.३ श्री अच्युत राज जोशी | पूर्व संचालक |
| ४.३.४ श्री राजेश पराजुली | सि.ए., आर. पराजुली एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टस, बिराटनगर |
| ४.३.५ श्री कविन्द्र ध्वज जोशी | एनआइविएल एस क्यपिटल लिमिटेड, काठमाडौ |
| ४.३.६ श्री गोकर्ण भण्डारी | अतिथि, नेपाल लघुवित्त बैंकर्स संघ |
| ४.३.७ श्री कृष्ण प्रसाद काश्यप | पत्रकार: नेपाली सरोकार |
| ४.३.८ श्री यादव बहादुर पाण्डे | पत्रकार: हरित अर्थतन्त्र |
| ४.३.९ श्री अमृत अधिकारी | पत्रकार: नेपाल रेडियो नेटवर्क |
| ४.३.१० श्री मुकेश त्रिपाठी | पत्रकार: एन.टि.भि. प्लस |

४.४ **शेयरधनीहरूको उपस्थिति:**

जम्मा उपस्थित संख्या: २१४ जना

४.५ **कर्मचारीहरूको उपस्थिति:**

सभामा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्त, सहायक महाप्रवन्धक श्री राज नारायण दास, कम्पनी सचिव एवम् मुख्य व्यवस्थापक श्री राम बहादुर चौधरी लगायत अन्य व्यवस्थापकिय, सहायक तथा सहयोगी श्रेणीका गरी कूल ४५ जना कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

५. गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार):

| विवरण | कित्ता | उपस्थिति | | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| | | स्वयम् तथा प्रतिनिधि मार्फत | कुल | |
| शेयरधनी संख्या (भौतिक र अभौतिक ) | ६,७२६ | २१४ | २१४ | |
| ग्रहण गरेको कित्ता | १,००,००,००० | ७०,६६,२३७ | ७०,६६,२३७ | ७०.६६ % |

६. **सभाको वैधानिकता र अध्यक्षता :**

६.१ कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम यस संस्थाको बीसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरूको संख्या २१४ जना भएको र कूल शेयरको ७०.६६ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानुन अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ यस संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता संचालक समितिका अध्यक्षले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै बिहान १०:३० बजे अध्यक्ष श्री गणेश बहादुर थापाको अध्यक्षतामा संस्थाको वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवले अध्यक्षलाई अनुरोध गर्नु भयो ।

६.३ अध्यक्षले सबै संचालकहरूको परिचय गराउनु भई सभाको कार्य अगाडी बढाउनुभयो ।

७. **छलफलको विषय सूची:**

क. **सामान्य प्रस्ताव:**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको मिति २०७५ आषाढ मसान्तको चुक्ता पूंजी रकम रू. १,००,००,००,०००।- (एक अर्व) को २२.११ (निकट दुई दशमलवमा) प्रतिशतले हुन

आउने रकम रू. २२,१०५२,६३२।- नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिश माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हालको बाह्र्य लेखापरीक्षक श्री आर.पराजुली एण्ड एसोसिएटस, चार्टर्ड एकाउण्टेण्ट्स बिराटनगर पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

ख. विशेष प्रस्ताव:

(१) संचालक समितिबाट सिफारिश तथा नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७४/७५ को मुनाफाबाट हाल कायम संस्थाको चुक्ता पूंजीको २० प्रतिशतले हुन आउने रकम रू. २०,००,००,०००।- (अक्षरूपी बीस करोड) बराबरको बोनश शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरूले पाउने गरी जारी गर्ने ।

(२) संस्थाको जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूंजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(३) संस्थाको प्रवन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

(४) संस्थाको प्रवन्धपत्र संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको ब्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

ग. विविध ।

घ. निर्वाचन

(१) समूह "क" संस्थापक शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी १ जना संचालकको निर्वाचन गर्ने ।

(२) समूह "ख" सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी २ जना संचालकको निर्वाचन गर्ने ।

८. सभाको संचालन:

सभाको संचालन संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले गर्नु भएको थियो ।

९. आसन ग्रहण:

सभामा उपस्थित संचालक समितिका अध्यक्ष, संचालकहरू, विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरी पाल्नु भएका अतिथीहरू, लेखापरीक्षक, संस्थापक र सर्वसाधारण शेयरधनीहरू लगायत पत्रकारहरूलाई सभा संचालकले आसन ग्रहण गराउनु भयो ।

१०. स्वागत मन्तव्य:

संस्थाका कम्पनी सचिव श्री राम बहादुर चौधरीले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरू, अतिथी, पत्रकार तथा कर्मचारीवर्गमा स्वागत गर्नु भइ सभाको शुरूवात गर्नुभयो ।

११. **वार्षिक प्रतिवेदनको प्रस्तुतिः**

सभामा संचालकले संस्थाका संचालक समितिका अध्यक्ष श्री गणेश बहादुर थापाज्यूलाई संचालक समितिको तर्फबाट आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्नु भयो र सोही अनुसार सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू तथा अतिथीज्यूहरूलाई स्वागत एवम् अभिवादन गर्दै पूर्व निर्धारित छलफलका विषयसूची अनुसार आ.व. २०७४/७५ को संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो र शेयरधनी महानुभावहरूको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि आह्वान गर्नुभयो ।

१२. **छलफलका लागि सहभागी शेयरधनी महानुभावहरूः**

छलफलका लागि प्रस्तुत विषयवस्तु उपर आफ्ना अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्न शेयरधनी महानुभावहरूले छलफलमा भाग लिनु भयो ।

१. श्री अमृत नाथ रेग्मी

२. श्री दामोदर प्रसाद रेग्मी

३. श्री डम्मरू बल्लभ घिमिरे

४. श्री सुदर्शन प्रसाद अधिकारी

१३. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तब्य तथा सुझावहरूः**

छलफलको क्रममा शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएको मन्तब्य तथा सुझावहरूलाई तल प्रस्तुत गरिएको छ ।

**शेयरधनी श्री अमृत नाथ रेग्मी**

- संचालक समितिको प्रतिवेदनमा अध्यक्षको नाम साथै एक जना संचालकको नाम पनि समावेश गर्नुपर्ने ।
- संस्थाको सम्पत्ति दायित्व हेर्दा समष्टिगत रूपमा राम्रो रहेको तर जगेडा कोषलाई मजवुत बनाउन सुझाव दिन चाहन्छु ।
- सातै प्रदेशमा आफ्नै भवन बनाई क्षेत्रीय कार्यालय आफनै भवनबाट संचालन गर्न उपयुक्त हुने सुझाव दिन चाहन्छु ।
- संस्थाले विगत ५ वर्षको विवरण प्रतिवेदनमा राखेको तर प्रत्येक ५/५ वर्षको र आगामी ५ वर्षको प्रक्षेपण राखि प्रतिवेदन तयार गर्न सुझाव दिन चाहन्छु ।
- लगानीको हिसाबले अन्य लघुवित्त भन्दा राम्रो भएकोले सो लाई कायम राख्नुपर्ने ।
- क्षेत्रीय कार्यालय तथा शाखाहरूको नाम उल्लेख गर्दा क्रमवद्ध रूपमा, जिल्लागत रूपमा प्रस्तुत गर्दा राम्रो हुने ।
- Cost of Fund लाई कसरी घटाउन सकिन्छ, रणनीति तय गर्दा राम्रो हुने।
- Staff Expenses को Ratio बढि देखिएकोले घटाउनुपर्ने ।
- Research & Devlopment का काम गर्नुपर्ने ।

काठमाडौं २०५५

- One of the Best EPS हांसिल गरेकोमा धन्यबाद ।

**शेयरधनी श्री दामोदर प्रसाद रेग्मी**

- संस्थाको चुक्ता पुंजी १ अरब पुऱ्याएकोमा धन्यबाद ।
- कुशल व्यक्तिले नेतृत्व गरेको संस्थाले राम्रो नतिजा दिंदो रहेछ भन्ने प्रमाणित भयो ।
- संस्थाले नेपालमा रहेका ७७ जिल्लामा शाखा खोली सकेर पनि अतिदुर्गम जिल्लाहरू रोल्पा र जुम्लामा गएर थप शाखा खोली गरिबलाई सेवा गरेकोमा प्रशंसा गर्नु भयो ।
- शेयरधनीहरूलाई ढुक्क भएर बस्न र लगानी गर्न अनुरोध गर्नुभयो ।

**शेयरधनी श्री डमरु बल्लभ घिमिरे**

- संस्थाको संस्थापक स्व. डा. हरिहरदेव पन्त लघुवित्तका पिता मात्र नभएर भिष्मपितामह हो भन्न चाहन्छु ।
- १ अरव चुक्ता पूँजी भएको संस्थाले राम्रो प्रतिफल दिएकोमा संचालक समितिलाई धन्यबाद ।
- लेखापरीक्षणको क्रममा देखिएका कैफियतहरू अगामी दिनमा नदोहोरिने गरी कार्य गर्न अनुरोध गर्दछु ।
- साधारण सभाको फोटो समेत प्रतिवेदनमा राखेमा अझ राम्रो हुने थियो ।
- संस्थाका संचालक, कर्मचारी ग्राहक सवैको योगदानको कदर गर्दछु ।
- गतवर्ष लाभाशं बितरणमा केही ढिला भएको महसुस भयो, यस वर्ष साधारण सभाले निर्णय गरे लगत्तै शेयरधनीहरूको खातामा लाभाशं जम्मा हुने ब्यवस्था मिलाउन अनुरोध गर्दछु ।

**शेयरधनी श्री सुदर्शन प्रसाद अधिकारी**

- आज भन्दा ३० वर्ष अगाडि विपन्न वर्गलाई बैंकिङ्ग कार्यक्रमको जोखिम लिएर नेपालमा लघुवित्त शुरू गर्ने डा. हरिहरदेव पन्तलाई स्मरण गर्न चाहन्छु ।
- हाल नेपालमा ८०/८५ लघुवित्त पुगेका छन यसको श्रेय निर्धनलाई जान्छ ।
- संस्थाको NPL बढदै गएको छ यो लघुवित्तको लागि राम्रो होईन ।
- पूंजी वृद्धि अनुसार नाफा कम भएको छ ।
- कर्मचारी र ग्राहकको क्षमता अभिवृद्धि बढाउन आबश्यक छ ।

**१४. सभामा शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफ :**

संस्थाको अध्यक्ष श्री गणेश बहादुर थापाले हाल लघुवित्त संस्थाहरू बढदोक्रममा भएको र सुगम क्षेत्रमा सवैले कार्यक्षेत्र बनाएकाले सुगममा लघुवित्तको दोहोरोपना बढी भएकाले दुर्गम क्षेत्रमा जोड गरेको बताउनु भयो । अध्यक्षज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्तले संस्थाले शेयरधनी महानुभावहरूको राय, सल्लाह, सुझाव अनुसार कार्य गर्ने प्रतिबद्धता जनाउदै शेयरधनी महानुभावहरूले उठाएका जिज्ञासाहरू बारेमा प्रष्ट पार्नु भएको थियो । साथै शेयरधनी महानुभावहरूको राय, सल्लाह र सुझावहरू आत्मसात गर्ने प्रतिवद्धता ब्यक्त गर्नु भयो ।

काठमाडौं २०५५ केन्द्रीय कार्यालय

१५.  सभाको निर्णय:

(क)  सामान्य प्रस्ताव सम्बन्धी निर्णय:

**प्रस्ताव नं.१.** संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**निर्णय:** सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट अनुमोदनका लागि प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं.२.** लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

**निर्णय:** लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाव, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गरियोस भनी सभा समक्ष राखिएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं.३.** संचालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको मिति २०७५ आषाढ मसान्तको चुक्ता पूंजी रकम रू. १,००,००,००,०००।- (एक अर्व) को २२.११ (निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रकम रू. २२,१०,५२,६३२।- नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिश माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने ।

**निर्णय:** संचालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको मिति २०७५ आषाढ मसान्तको चुक्ता पूंजी रू.१,००,००,००,०००।- (एक अर्व) को २२.११ (निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रु. २२,१०,५२,६३२।- नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिस माथि छलफल गरी पारित गरीयोस भनि राखेको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**प्रस्ताब नं.४.** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**निर्णय:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरिक्षण समितिबाट सिफारिश भए

बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्न गरेको सिफारिश माथि छलफल गरियोस् भनि राखेको प्रस्तावमा संस्थाको चालु आर्थिक वर्ष २०७५/७६ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री आर. पराजुली एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, विराटनगर प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन र कम्पनी कानुन बमोजिम लेखापरीक्षण गर्न योग्य भएकोले श्री आर. पराजुली एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, विराटनगरलाई वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट, दफा ७८ प्रमाणित गर्न तथा अंग्रेजी अनुवाद समेत गर्न पारिश्रमिक भ्याट सहित रु. ५,००,०००। (अक्षरेपी पाँच लाख रुपैया मात्र) कायम गर्ने गरी लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिमको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**(ख) विशेष प्रस्ताव सम्बन्धी निर्णयः**

**प्रस्ताव नं.१:** संचालक समितिबाट सिफारिश तथा नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७४/७५ को मुनाफाबाट हाल कायम संस्थाको चुक्ता पूंजीको २० प्रतिशतले हुन आउने रकम रू. २०,००,००,०००।- (अक्षरूपी बीस करोड) बराबरको बोनस शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरूले पाउने गरी जारी गर्ने ।

**निर्णयः** संचालक समितिबाट सिफारिश तथा नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृति भए बमोजिम आ.व. २०७४/७५ को मुनाफाबाट हाल कायम संस्थाको चुक्ता पूंजीको २० प्रतिशतले हुन आउने रकम रू. २०,००,००,०००। (अक्षरूपी बीस करोड) बराबरको बोनस शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरूले पाउने गरी जारी गर्ने सम्वन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं.२:** संस्थाको जारी तथा चुक्ता पूंजी वृद्धि गर्नेः प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूंजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

**निर्णयः** संचालक समितिले सिफारिश गरे बमोजिम संस्थाको जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने, प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूंजी वृद्धि हुने भएकोले सोही बमोजिम प्रवन्धपत्र संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं.३** संस्थाको प्रवन्धपत्रमा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

**निर्णयः** साधारण सभामा प्रस्तुत भए अनुसार प्रबन्धपत्रको दफा ५, (ख) र (ग) मा संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

काठमाडौं
२०५५

### क.  प्रबन्धपत्र संशोधन प्रस्ताव

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ५. कम्पनीको पूँजीको संरचना:**<br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(ख) कम्पनीको तत्काल जारी पूँजी रु. १,००,००,००,०००/- (अक्षरेपी एक अर्व रुपैया मात्र) हुनेछ ।<br>(ग) कम्पनीको हालको चुक्ता पूँजी रु. १,००,००,००,०००/- (अक्षरेपी एक अर्व रुपैया मात्र ) रहेको छ । | **दफा ५. कम्पनीको पूँजीको संरचना:**<br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ:<br>(ख) कम्पनीको तत्काल जारी पूँजी रु. १,२०,००,००,०००/- (अक्षरेपी एक अर्व बीस करोड रुपैया मात्र) हुनेछ ।<br>(ग) कम्पनीको हालको चुक्ता पूँजी रु. १,२०,००,००,०००/- (अक्षरेपी एक अर्व बीस करोड रुपैया मात्र ) रहेको छ । | संस्थाको बोनस शेयर जारि गरे पश्चात पूँजी वृद्धि भएकोले संशोधन गरिएको । |

**प्रस्तावनं. ४:** संस्थाको प्रवन्धपत्र संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको ब्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

**निर्णय:** संस्थाको प्रबन्धपत्र संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको ब्यक्तिलाई पूर्ण अख्तियारी दिने बिशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट निर्णय गऱ्यो ।

**(ग) विविध:**

वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५(१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने ब्यहोरा सभालाई जानकारी गराइयो ।

**१६. धन्यबाद ज्ञापन:**

छलफलको निमित्त राखिएका प्रस्तावहरूमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले संस्थाको राम्रो कार्य सम्पादनमा महत्वपुर्ण भुमिका निर्वाह गर्ने ब्यवस्थापन तथा कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो र बीसौं वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारू रूपले संचालन गर्न र सफल पार्न सहयोग गर्नु भएकोमा सबै शेयरधनीहरू, नियमनकारी निकायहरू तथा सम्पुर्ण सुभचिन्तकहरूलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

**१७. (घ) निर्वाचन:**

(१) समूह “क” संस्थापक शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी १ जना संचालकको निर्वाचन गर्ने ।

(२) समूह “ख” सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी २ जना संचालकको निर्वाचन गर्ने ।

सभापतिले सभामा निर्वाचन अधिकृत श्री सुरेन्द्र बाबु पन्तलाई समूह “क” संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने १ जना र समूह “ख” सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना गरी जम्मा ३ जना संचालकहरुको निर्वाचनको कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी दिन र निर्वाचन परिणाम घोषणा गर्न आग्रह गर्नु भयो ।

निर्वाचन अधिकृत श्री सुरेन्द्र बाबु पन्तद्धारा निर्वाचन कार्यक्रम सम्बन्धी जानकारीको लागि मतदाता नामावली प्रकाशन देखि निर्वाचन परिणाम घोषणसम्मको विस्तृत जानकारी तथा सूचनाहरु संस्थाको केन्द्रीय कार्यालय, भगवतीबहाल नक्साल काठमाडौंमा टांस गरी सोही बमोजिम निर्वाचन सम्बन्धी कार्यक्रम अघि बढाइएकोमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने “क” समूहका १ जना उम्मेदवार श्री देवेन्द्र बहादुर राउतको मात्र मनोनयन पत्र दर्ता भएकोले श्री देवेन्द्र बहादुर राउत ४ वर्षे कार्यकालको लागि निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृतले घोषणा गर्नुभयो ।

समूह “ख” सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना शेयरधनीहरुले उम्मेदवारी दिनु भएको र मिति २०७५।०८।२५ गते मंगलबार दिउसो २ बजेदेखि ३ बजेसम्म वार्षिक साधारण सभा स्थल Celebration Banquet पार्टी प्यालेस, भगवतीबहाल, नक्साल, काठमाडौंमा भएको मतदानबाट सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने समूह “ख” अर्न्तगत बढी मत प्राप्त गर्ने उम्मेदवारहरु क्रमश: श्री संम्रिता तिवारी र श्री टोप बहादुर रायमाझी संस्थाको नियमावलीको नियम ८ बमोजिम आगामी ४ वर्षका लागि संस्थाको संचालक पदमा निर्वाचित भएको निर्वाचन अधिकृतले घोषणा गर्नुभयो ।

**१८. सभा विसर्जन:**

अन्तमा अपरान्ह ४:३० बजे सभाका अध्यक्षज्यूले संस्थाको बीसौं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ............................ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय काठमाडौं २०५५ | ............................ |
| (राम बहादुर चौधरी) | | (गणेश बहादुर थापा) |
| कम्पनी सचिव | | अध्यक्ष |
| **कम्पनी सचिव** | | |